# ९
# क्रूस र मण्डली

खीष्टले हाम्रो पापहरुको निम्ति दाम तिर्नुभयो भन्ने नयाँ करारको अवधारणासँग परिचित हुनेहरु "क्रूस विनाको खीष्ट, खीष्ट विनाको क्रूस, पापीहरुलाई बचाउन शक्तिविहीन हुन्छ" भन्नेमा सहमत हुनेछन् । त्यसो भएता पनि सुसमाचारको असल खबर खीष्ट हुनुहुन्छ, अभिषेक हुनुभएको एक जन, जसले हाम्रो पापको निम्ति क्रूसमा जीवन अर्पण गर्नुभयो (१ कोरिन्थी १५:३) ।

बाइबलको कथाको केन्द्रबिन्दु भनेको परमेश्वरका पुत्रले मानिसको निम्ति क्रूसमा गर्नुभएको बलिदान हो । पुरानो करारका पानाहरु, त्यसका भविष्यवाणीहरु सँगै र नयाँ करारका पानाहरु, त्यसको ऐतिहासिक वास्तविकताका साथ खीष्टको रगतमा चोबिएका छन् । हेनरी सी. थिएसेनले येशूको जीवनको अन्तिम तीन दिनको प्रसंगलाई गणना गर्दै त्यसले सुसमाचारहरुको करिब पाँच भागको एक भाग ओगटेको छ भनेका छन् । यदि साढे तीन वर्षको येशूको सार्वजनिक सेवाकाईलाई उहाँको मृत्यु जस्तै विस्तृत रुपमा समेटिएको हुन्थ्यो भने, सुसमाचार ८४०० पेजहरु भएको एउटा पुस्तक हुनेथियो होला ।[९] आर.ए. टोरीले नयाँ करारमा ५३ पदहरु मध्ये १ पदले खीष्टको मृत्युको बारेमा विशेष रुपमा उल्लेख गरेको छ भन्ने अनुमान गरेका छन् ।[१०] खीष्टियानिटी विश्वको एउटै मात्र धर्म हो जसको केन्द्रको रुपमा पापको निम्ति चढाइएको एउटा ईश्वरीय बलिदान र त्यस बलिदानको मृतकबाट भएको पुनरुत्थान रहेको छ ।

पाप र पापीहरु, दोषको र परमेश्वर विहिन, पृथकता र दु:खकष्टको संसारमा, क्रूस मुक्तिको निम्ति परमेश्वरको शक्ति हो, यो संसारको अन्तिम समस्याको निम्ति ईश्वरीय समाधान हो । उहाँ हाम्रो पापको निम्ति प्रायश्चित हुनुहुन्छ - त्यसो भन्नुको अर्थ, हामीले गरेको गल्तीको दाम तिर्ने र हाम्रो निम्ति सबै थोक ठीक बनाउने उहाँ नै हुनुहुन्छ । यसो लेखिएको छ : "किनकि क्रूसको सन्देश नष्ट भइरहेकाहरुका निम्ति मूर्खता हो, तर हामी उध्दार पाइरहेकाहरुका निम्ति परमेश्वरको शक्ति हो" (१ कोरिन्थी १:१८), "उहाँ हाम्रो पापको प्रायश्चित हुनुहुन्छ र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि" (१ यूहन्ना २:२) ।

हाम्रो आत्मिक विरोध मध्ये, परमेश्वरबाट विछोड र परमेश्वरसँगको अनमेलमा, क्रूस परमेश्वरको शान्ति र मिलापको उपकरण हो । पावलले लेखेका छन्, "र परमेश्वरले उहाँका क्रुसको रगतद्वारा शान्ति गराएर ..., उहाँद्वारा नै सबैथोकलाई आफूसँग मिलापमा ल्याउनुभयो" (कलस्सी १:२०) । एफिसी २:१४-१६ ले भन्दछ, "किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ । उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ, ... अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो ।"

जहाँ प्रशस्त आत्मिक भोक र गरिबी हुन्छ, त्यहाँ परमेश्वरले पूर्ण उध्दार उपलब्ध गराउनु हुन्छ । धार्मिकता प्रशस्त मात्रामा सित्तैमा क्रूसको चरणमा उपलब्ध गराइएको छ । पावलले भनेका छन्, "तर हामी चाहिँ क्रूसमा टाँगिनुभएका खीष्टलाई प्रचार गर्दछौं, ...." (१ कोरिन्थी १:२३) । त्यसभन्दा अघि उनी भन्दछन्, क्रूसमा टाँगिनुभएको खीष्टलाई "परमेश्वरले हाम्रो बुध्दि, हाम्रो धार्मिकता र पवित्रता र हाम्रो उध्दार बनाउनुभएको छ" (१ कोरिन्थी १:३०) ।

प्रश्न रहित रुपमा, पवित्र आत्माले खीष्टको क्रूसलाई केन्द्रबिन्दूको रुपमा, बाइबलको मूल सन्देशको रुपमा प्रकाशित गर्नुभएको छ ।

---

[९] हेनरी सी. थिएसेन, लेक्चर इन् सिस्टमेटिक थियोलोजी (ग्राण्ड र्‍यापिड्स, मिसी: डव्लु एम.बि. इयर्डमेन्स पब्लिसिङ कं., १९४९), ३१३

[१०] आर.ए. टोरी., ह्वाट दी बाइबल टिचेज (न्यू योर्क : फ्लोमिङ्ग एच. रेभेल कं., १८९८), १४४

किनभने क्रूस उध्दारसम्बन्धी अरु सबै सत्यहरुसँग मिसिएको कारणले, कसैले पनि जसरी एउटा मूलबाट खोला बहन्छ त्यसरी नै क्रूसबाट मण्डली निस्कदँछ भन्ने आसा गर्न सक्दछन्, जसरी सूर्यबाट पनि निको पार्ने किरणहरु निस्कन्छन् । सावधानीका साथ नयाँ करार अध्ययन गरे यस्तै अवस्था हुन्छ भन्ने ठोकुवा गर्न सकिन्छ । ख्रीष्ट र मण्डली बिना ख्रीष्टियानिटी हुन सक्दैन, तर्कसंगत सोचले हामीलाई शीर बिना जीवित शरीर हुन सक्दैन भन्ने बताउँदछ । ध्यान आकर्षित गर्ने नयाँ करारको सन्देश के हो भने क्रूस र मण्डली छुट्याउन नसकिने गरी एक आपसमा गाँसिएका छन्, दुवै मिलेर पापमा हराएका मानव जातिहरुका निम्ति परमेश्वरको अनुग्रहको वरदानको रुपमा एउटै योजना बनेका छन् । पृथ्वीका सबै जातिहरुबाट परमेश्वरले क्रूसद्वारा एउटा नयाँ परिवार हुन - ख्रीष्टमा एउटै शरीर हुन - चुनिएका जनहरु हुन बोलाउनु हुन्छ ।

आउनुहोस् यस विचारलाई अझ पछ्याउँ, कसरी मण्डली क्रूससँग गाँसिएको छ ? क्रूस र मण्डलीको एक आपसमा के सम्बन्ध छ ? क्रूसले मण्डलीको निम्ति के गर्दछ ?

## यसद्वारा सृष्टि गरिएको

प्रथमतः, क्रूसले मण्डली सृष्टि गरेको थियो । पापीहरुको उध्दारद्वारा मण्डली अस्तित्वमा आउँछ । यदि क्रूस नभएको भए, त्यहाँ मण्डली हुन्थेन ।

जब एउटा व्यक्तिले आज्ञापालक विश्वासद्वारा ख्रीष्टलाई उनको मुक्तिदाता र परमेश्वरको पुत्र मानी प्रतिक्रिया जनाउँदछन्, उसका पापहरु ख्रीष्टको रगतद्वारा धोइन्छ (प्रेरित २२:१६) । त्यस धुवाइद्वारा, उनी उध्दार पाएकाहरुको समुदायमा, नयाँ करार “मण्डली” भन्ने उध्दार पाएकाहरुको समाजमा थपिन्छन् । यसैकारणले पावलले ख्रीष्टले उहाँको रगतद्वारा मण्डलीलाई किन्नुभएको हो भन्दछन् । “तपाईहरु आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस् । पवित्र आत्माले तपाईहरुलाई बगालका जिम्मवाल बनाउनुभएको हुनाले उहाँको आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाहा तपाईहरु गर्नुहोस्” (प्रेरित २०:२८) । स्पष्ट रुपमा, येशू मण्डलीको निम्ति क्रूसमा मर्नुभएको थियो । पावल भन्दछन्, “ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाइ अर्पण गर्नुभयो” (एफिसी ५:२५ ख) । येशूको मृत्युको उद्देश्य “बोलाइएको मानिसहरु जो संसारमा ख्रीष्टको संगतिमा जीवन बिताउने र उहाँको आत्मिक काममा तिनीहरुलाई समर्पित गर्ने थिए, उनीहरुको निम्ति गरिएको प्रबन्ध थियो । पावलले तीतसलाई येशूले “हामीलाई सबै अधर्मबाट मोल तिरेर उध्दार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुध्द पार्नलाई आफूलाई दिइहाल्नुभयो” (तीतस २:१४) भनेका छन् ।

दक्षिणी अर्कान्सामा एउटा सुसमाचार सभा पछि, एक जना स्त्री एउटा असामान्य, हृदयस्पर्शी कथा लिएर प्रचारक कहाँ आईन् । उनले केही कुरा भनिन् जुन चार वर्षको हुँदा, डल्लास, टेक्सासमा बस्दा घटेको थियो । त्यस समय उनको परिवार एउटा व्यस्त राजमार्ग नजिकै बस्दथ्यो र उनीहरुको आगनले बालबच्चाहरुलाई बाहिर खेल्ने सानो ठाउँ उपलब्ध गराएको थियो । एक साँझ, उनी र छिमेकका अरु धेरै बालबच्चाहरु आगनमा भकुण्डो खेलिरहेका थिए । भकुण्डो उफ्रेर गुड्दै उनको छेउबाट राजमार्गमा पुग्यो । केही नसोची उनी त्यसको पछि त्यसलाई उठाउन दौडिन् । जब उनी त्यसलाइ उठाउन त्यसको नजिकै गएर झुकिन्, उनले राजमार्गमा आउँदै गरेको ठूलो ट्रक देखेर डरले हलनचल भईन् । उनको दाजु जो त्यसबेला नौ वर्षका थिए उनलाई राजमार्ग तर्फ दौडेको देखे । साथै उनले त्यो ट्रकलाई पनि देखेका थिए । बिजुली जस्तै, उनी उनलाई सुरक्षित स्थानमा फर्काउन उनको पछि दौडे । उनी त्यो ट्रको अघि दौडे र उनलाई धकेलेर बाटोबाट बाहिर पुऱ्याए, आफ्नो कलिलो जीवनलाई मृत्युको संकटमा पार्दै उनलाई निश्चित मृत्युबाट बचाए । त्यो छोटो समय नै त्यो केटोको निम्ति उसको सानी बहिनीलाई बचाउन यथेष्ट भयो, तर त्यो समय स्वयम्लाई बचाउन यथेष्ट थिएन । त्यो ट्रकले उनलाई ठक्कर दियो, उनको तत्कालै मृत्यु भयो ।

ती स्त्रीले भनिन्, उनलाई त्यस घटना बारेका सम्पूर्ण विवरण त धेरै सम्झनामा छैन, तर उनलाई सम्झना छ कि कसरी उनको दाजुको जीवनबिहीन शरीरलाई सडकबाट उठाइयो र एम्बुलेन्स आएर त्यसलाई नलगेसम्म दलानमा राखियो । गहिरो अर्थ र प्रशंसाका साथ विशेष शब्दहरुमा उनले भनिन्, "मेरो दाजु मेरो लागि मर्नुभयो ।" उनी एक विश्वासयोग्य खीष्टियान हुन्, तर आज मण्डलीमा उनलाई जीउने र सेवा गर्ने अवसर उनको दाजुको धेरै वर्ष अघिको बलिदानले सृजना गरेको थियो ।

सोही रुपमा अझ गहिरो तवरले, मण्डलीले जीवन खीष्टको बलिदानबाट प्राप्त गर्दछ । उहाँको मृत्यु हाम्रो निम्ति जीवनमा प्रवेश गर्ने एउटा मौका मात्र होइन, तर निरन्तरको जीवनको श्रोत पनि हो, उहाँको मृत्यु हाम्रो प्रायश्चितको बलिदान हो, हाम्रो निम्ति पहिलेका पापहरु क्षमा पाउने माध्यम पनि हो । येशू यस संसारमा आउनुभयो, हाम्रो माझमा असल मानिसको रुपमा हिँड्डुल गर्नुभयो र उहाँको मृत्युद्वारा आफ्नो निम्ति "परमेश्वरका निजी प्रजा" (१ पत्रुस २:९) किन्नुभयो । मण्डली ढुंगा र माटोले बनेको हुँदैन, यो त रगतले किनिएका मानिसहरु हुन् ।

हामीले तीन तरिकाले खीष्टको बलिदान प्रति जवाफ दिँदछौं : पहिलो, खीष्टले हाम्रो निम्ति जे गर्नुभएको छ त्यसको प्रशंसा गर्दै क्रूसलाई अँगाल्दछौं । धन्यवादी हुँदै, उध्दार पाएकाले खीष्टको अनुग्रहको वरदान पाएकोमा आनन्द मनाउँछन् । खीष्ट स्वर्गीय महिमामा धनी हुनुहुन्थ्यो, तापनि हाम्रो निम्ति उहाँ स्वर्ग छोडेर र मानिस बन्नु भएर गरिब हुनुभयो, ताकि उहाँको गरिबीद्वारा हामी आत्मिक रुपमा धनी बन्न सकेका हौं (२ कोरिन्थी ८:९) । दोश्रो, हामीले उहाँको मृत्युको लाभलाई स्वीकरा गरी प्रतिक्रिया जनाउनु पर्दछ । साँचो प्रशंसाले ठीक तरिकाले स्वीकार गर्न अगुवाई गर्दछ । विश्वास र खीष्ट प्रतिको आज्ञापालनद्वारा हामी हाम्रो जीवनमा उहाँको मृत्युको लाभ लिन्छौं (रोमी ६:१-४) । उहाँ सबैको निम्ति मर्नु भयो (हिब्रू २:९), तर उनीहरुको निम्ति मात्र जसले उहाँको आज्ञापालन गर्दछन् र उहाँको मृत्युको लाभहरु प्राप्त गर्दछन् (हिब्रू ५:८, ९) । तेश्रो, हामीले प्रशस्तताको सेवाद्वारा उहाँको बलिदान प्रति प्रतिक्रिया जनाउनु पर्दछ (१ कोरिन्थी १५:५८) । हामी शिरदेखि पैतालासम्म खीष्टको हुन्छौं - शरीर, प्राण र आत्मा (१ कोरिन्थी ६:१९, २०) । त्यसै अनुसार हाम्रो यो संसारमा भएको काम भनेको अब उहाँले बनाउनुभएको, आज्ञा गर्नुभएको र खुसी हुनुहुने सेवा प्रदान गर्नुहुन्छ ।

## यसबाट शुध्द पारिएको

दोश्रो, क्रूसले मण्डलीलाई निरन्तर शुध्द पार्दछ । यसको पवित्र गर्ने शक्ति दिनहुँ परमेश्वरका जनहरु तर्फ बग्दछ । जसरी निश्चित रुपमा हाम्रो शरीरको भित्र रगत बग्दछ, हामीलाई जीवित र तरोताजा राख्दछ, येशूको बहुमूल्य रगत उहाँका जनहरु माझ जीवन दिने शक्तिका साथ बग्दछ ।

हामीलाई उध्दार पाउन मात्र आवश्यक छैन, तर हामीलाई उध्दारको अवस्थामा पनि रहिरहनु आवश्यक हुन्छ । प्रत्येक समय जब एक पापीले खीष्टको सुसमाचार प्रतिको उसको आज्ञापालनद्वारा, उहाँको रगतमा धोइन्छ र ईश्वरीय अनुग्रहद्वारा, खीष्टमा राखिन्छ मण्डली बढ्दछ । खीष्टियान जब दिनहुँ ज्योतिमा हिँड्दछ रगतद्वारा निरन्तर शुध्द पारिन्छ । यूहन्नाले लेखेका छन्, "तर उहाँ ज्योतिमा हुनुभएझैँ यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एउटा अर्कासित हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुध्द पार्छ" (१ यूहन्ना १:७) । यूहन्नाले "शुध्द पार्छ" लाई ग्रीक भाषामा कृयाशील वर्तमान कालमा राखेका छन्, जसले एउटा निरन्तर, बारम्बार हुने वर्तमानको वास्तविक धुवाइलाई संकेत गर्दछ ।

एउटा खीष्टियान एक सिध्द व्यक्ति हुँदैन, यद्यपि उसले पापरहित हुने चाहना गर्दछ र प्रत्येक दिन खीष्टमा बढ्दछ । उ निरपराध हुँदैन, तर उ निर्दोष हुनपर्दछ । पापीको जीवनमा भएको पापको उपस्थितिले गर्दा खीष्टको रगतद्वारा हुने मुक्तिको आवश्यकता हुँदछ र सन्तको जीवनमा भएको पापलाई खीष्टको रगतको आवश्यकता पर्दछ । यस संसारमा हुँदा पाप क्षमा पाउनु पर्ने आवश्यकतालाई हामी कहिल्यै जित्न सक्दैनौं ।

एउटा बच्चाले उसको साईकल चढ्न सिकेको हेर्न चाखलाग्दो हुन्छ । यो नयाँ शिप सिक्नको निम्ति उसले दुइवटा प्राथमिक समस्याहरुको सामना गर्नुपर्ने हुन्छ । साइकललाई ठड्याउने र त्यसलाई सन्तुलनमा राखी रहने । मुक्तिलाई पनि सम्भवत त्यस्तै दुई खुड्किलो संलग्न भएको स्वरुपमा हेर्न सकिन्छ जसरी साइकल चढ्न सिक्दा आवश्यक पर्दछ : पापी पहिला त अघि ठीक हुन पर्दछ र त्यसपछि उ परमेश्वरको अघि ठीक रहिरहनु पर्दछ । ठीक हुन आवश्यक कुरा हो, तर यो सुरुवात मात्र हो । जुन समस्याले उसलाई पहिलो अवस्थामा पापी बनाएको थियो - उसको जीवनमा भएको पापको दागले त्यो त्यही समस्या हो जसले उ ख्रीष्टियान भइसकेपछि पनि यदि उ निरन्तर शुध्द पारिएन भने उसलाई दोषी बनाउन सक्दछ (प्रेरित ८:२२) । यदि उसलाई ख्रीष्टियान हुनुभन्दा अघि उसको पापहरुबाट बचाइन आवश्यक परेको थियो भने, के उसले ख्रीष्टियान भैसकेपछि पनि गर्ने पापहरुबाट उसलाई बचाउन आवश्यक पर्दैन ?

ख्रीष्टियान तबसम्म बचिरहन सक्छ जबसम्म उ "ज्योतिमा हिँड्दछ" प्रेरित यूहन्नाले भने अनुसार ज्योतिमा हिँड्नको निम्ति दुइवटा आत्मिक चारित्रिक विशेषता आवश्यक पर्दछ । यो मुक्तिको निम्ति येशूमा भरोसा राख्ने कार्यबाट सुरु हुन्छ : "उहाँ हाम्रा पापको प्रायश्चित हुनुहुन्छ र हाम्रा निम्ति मात्र होइन, सारा संसारका पापका निम्ति पनि" (१ यूहन्ना २:२) । स्पष्ट रुपमा, हामीले मुक्ति कमाउन सक्दैनौं (एफिसी २:८, ९) । येशूले भन्नुभएको छ यदि हामीले विश्वास र आज्ञापालनाका साथ प्रतिकृया जनाउँदछौं भने, उहाँले हामीलाई बचाउनु हुनेछ । किनभने हामी विश्वासद्वारा हिँड्छौं, देखिने कुराको आधारमा होइन (२ कोरिन्थी ५:७) ।

ज्योतिमा हिँड्ने कुरामा इमानदारीका साथ उहाँको इच्छा पालन गर्ने काम पनि पर्दछ । यूहन्ना लेख्दछन्, "परमेश्वरको प्रेम यही हो कि हामी उहाँको आज्ञाहरु पालन गर्दछौं ..." (१ यूहन्ना ५:३), जसले 'म उहाँलाई चिन्छु' भन्छ, तर उहाँका आज्ञाहरु उल्लंघन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन । तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्चि नै सिध्द भएको हुन्छ" (१ यूहन्ना २:४, ५ क) । ज्योतिमा हिँड्नु भनेको हाम्रो पापमय अवस्थालाई मानिलिनु हो, (१ यूहन्ना १:८, १०), परमेश्वर अघि हाम्रा पापहरु स्वीकार गर्नु हो (१ यूहन्ना १:९) र हाम्रो क्षमतासँग सामन्जस्य राख्दै हाम्रा पापहरु सुधार्नु हो (१ यूहन्ना २:२९) । यसको अर्थ उहाँ हिँडेजस्तै गरी हिँड्नु हो (१ यूहन्ना २:६) र इमानदारीका साथ परमेश्वरबाट प्रेरणा प्राप्त भएको प्रकाश, धर्मशास्त्रहरुलाई पछ्याउनु हो (२ तिमोथी ३:१६) ।

## यसद्वारा बाध्य पारिएको

तेश्रो, क्रूसले मण्डलीलाई बाध्य र कृयाशील बनाउँदछ । यसले मण्डलीको हृदयमा, ख्रीष्टले हामी जस्तो मानिसहरु भएको चाहनु हुन्छ र उहाँले हामीलाई कस्तो काम गरेको चाहनुहुन्छ, त्यस्तो हुन आत्मिक उत्प्रेरणा रोपिदिन्छ ।

ख्रीष्टियानलाई निरन्तर शुध्द पारिनुको साथ साथै व्यक्तिगत शक्तिको पनि आवश्यकता पर्दछ । ख्रीष्टियानिटीले धेरै उत्तम उत्प्रेरणाहरु प्रदान गर्दछ, त्यसमा परमेश्वरको अनुग्रह धेरै स्थायी छ । क्रूसले ख्रीष्टियानहरुको जीवनलाई नियन्त्रण गर्दछ । येशूले भन्नुभएको छ, "अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिच्नेछु" (यूहन्ना १२:३२) । पावलले लेखेका छन्, "ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरु अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचुन्, जो तिनीहरुका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो" (२ कोरिन्थी ५:१४, १५) ।

क्रूसले ख्रीष्टियानहरुमा परमेश्वरको निम्ति र एक अर्काको निम्ति धेरै प्रेम भरिदिन्छ । यूहन्ना लेख्दछन्, "हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो" (१ यूहन्ना ४:१९) । जब

खीष्टियानहरुले दिनहुँ उहाँका जनहरु प्रतिको उहाँको प्रेममा ध्यान गर्दछन्, उनीहरु अझ गहिरो रुपमा उहाँलाई प्रेम गर्न खिचिन्छन् । यूहन्नाले अझ भनेका छन्,

"यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रो निम्ति आफ्नो प्राण दिनु भयो । हामीले पनि आफ्ना दाजु-भाइहरुका निम्ति आफ्नो प्राण दिनुपर्छ" (१ यूहन्ना ३:१६) । येशूको जीवनको कुनै पनि पुनरावलोकनले उहाँको मृत्युको र अटल प्रेमको नयाँ र उद्वेलित गर्ने चित्र निर्माण गर्दछ । यी दृश्यहरु बारेमा सोच्नाले खीष्टियानहरुलाई येशू र एक अर्का प्रति त्यस्तै प्रकारको प्रेम गर्ने बनाउँदछ : हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रुपमा बदलिँदै जान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ" (२ कोरिन्थी ३:१८) ।

क्रूसले खीष्टियानहरुमा पापको निम्ति घृणा र तिरस्कार रोप्दछ । कलवरीको क्रूस र अनन्त विनाशको अतल खाल्डो पाप र दुष्टताको दुइवटा शक्तिशाली साक्षीहरु हुन् । कसैले पनि जसले क्रूसको कारण र नर्कको आवश्यकतालाई बुझ्दछन् भने पाप गर्नमा कुनै लाभ छ भनी वादविवाद गर्न सक्दैनन् । परमेश्वरको सन्तानले उसको उध्दार परमेश्वरका पुत्रको यरुशलेम बाहिर भएको पिडादायी मृत्युद्वारा किनिएको हो भन्ने भुल्न सक्दैन । शक्तिशाली परमेश्वरले उहाँको पुत्रको बलिदानद्वारा मात्र पापबाट प्रायश्चित (दाम तिरेर) उपलब्ध गराउन सक्नुहुन्थ्यो । यो बहुमूल्य घटनाले प्रत्येक गम्भीर व्यक्तिलाई पापलाई घृणा गर्न र त्यसलाई त्याग्न बाध्य पार्दछ ।

क्रूसले खीष्टियानहरुलाई पूर्ण रुपमा खीष्टको काममा समर्पित हुन बाध्य पार्दछ । यसले खीष्टियानहरुलाई परमेश्वरको सेवा गर्ने र अरुहरुलाई सहायता गर्ने कारण र शक्ति दुवै प्रदान गर्दछ । पावल लेख्दछन्, "ग्रीक होस् वा अरु असभ्य जाति, बुध्दिमान होस वा निर्बुध्दि, सबैको म ऋणी छु" ( रोमी १:१४) । उनले यो पनि भनेका छन्, "तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु र म माथि भएको उहाँको अनुग्रह व्यर्थ भएन । बरु मैले त तिनीहरु सबैले भन्दा बढी परिश्रम गरेँ । तैपनि मैले होइन, मसँग भएका परमेश्वलको अनुग्रहले हो" (१ कोरिन्थी १५:१०) । परमेश्वरले क्रूसमा उसको निम्ति के गर्नुभयो भन्ने बुझेको र त्यसलाई प्रशंसा गर्ने कुनै एक खीष्टियान जस्तो खीष्टको काम गर्न पूर्ण रुपमा धेरै उत्प्रेरित अरु कोही हुँदैन ।

खीष्टको मण्डलीले उसको प्रभुको आज्ञाहरु सावधानीका साथ पालना गर्दछिन् । उनले उहाँका इच्छाहरु पालन गर्दछिन्, तर उनलाई त्यो आज्ञापालक जीवन बाध्य पार्ने प्रेमको शक्तिको र उहाँको अनुग्रहको आन्तरिक प्रेरणाको कारणले गर्दा बोझिलो लाग्दैन । "परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरु पालना गर्दछौं, र उहाँका आज्ञाहरु भारपूर्ण छैनन्" (१ यूहन्ना ५:३) ।

खीष्टले तपाईंको निम्ति जे गर्नुभएको छ त्यसलाई र उहाँले तपाईंको निम्ति गर्नुभएको बलिदानको दिनहुँ सम्झना राख्दै मनमा राख्नुहोस् । यो सावधानीपूर्वक गरिएको उहाँको मुक्तिको वरदान बारेको सोँचले तपाईलाई दिनानुदिन उहाँको स्वरुपमा परिवर्तन गर्न सक्छ, उहाँको अनुग्रहको राज्यमा परिश्रम गर्न तपाईलाई कृयाशील बनाउन सक्दछ ।

## निष्कर्ष

परमेश्वरको अभिप्रायद्वारा, मण्डली र क्रूस एकैसाथ बाँधिएका छन् । मण्डली क्रूसद्वारा निर्माण गरिएको, शुध्द पारिएको र बाध्य पारिएको छ ।

जब येशू क्रूसमा कष्ट भोगी राख्नुभएको थियो, तल रहेको अनियन्त्रित भिडले गरेको गिल्ला गर्ने खालका दुई वटा प्रश्नहरु यस प्रकारका थिए, "किन यसले आफैलाई बचाउँदैन ?" र "किन यसलाई परमेश्वरले बचाउनुहुन्न ?" (हेर्नुहोस् मत्ती २७:३९-४३) त्यो भिडलाई उनीहरुले परमेश्वरको

अभियानको जग मै प्रहार गरिरहेछन् भन्ने थोरै पनि महशुस भएको थिएन । यदि येशूले स्वयम्लाई बचाउनुभएको हुन्थ्यो, अथवा यदि परमेश्वरले उहाँलाई क्रूसको मृत्युबाट छुटकारा दिनुभएको भए, मण्डलीलाई जीवित रहन असम्भव हुने थियो, किनभने मण्डली क्रूसद्वारा उनीहरुको विगतको जीवनको पापहरु क्षमा पाएका र दैनिक रुपमा धोइएका र शुध्द पारिएका मानिसहरु मिलेर बनेको हुन्छ । त्यसभन्दा अझ बढि, क्रूस बिना मण्डली उसलाई उसको निरन्तरको जीवनमा आन्तरिक रुपमा संचालित गर्ने कुरा बिहिन हुने थियो, किनभने क्रूसले नै परमेश्वरका जनहरुलाई परमेश्वरको तरिकाले परमेश्वरका कामहरु गर्न बाध्य पार्दछ ।

यदि तपाई खीष्टको मण्डली बाहिर हुनुहुन्छ भने, त्यसमा प्रवेश गर्न हतार गर्नुहोस्, किनभने त्यो मण्डलीमा प्रवेश गरेर, तपाईंले क्रूसको सबै लाभहरु पाउनु हुन्छ । मण्डली खीष्टको रगतले छुटकारा पाएका र परमेश्वरको सन्तानको रुपमा जीवन बिताइरहेका मानिसहरुको समूह भन्दा बढी केही होइन ।

यो संसारका प्रत्येक मानिस परमेश्वरका अमूल्य वरदानहरुले घेरिएका छन् । उहाँले हामी सबैलाई सास फेर्न हावा, पिउनको निम्ति पानी, बसोबास गर्न हाम्रो निम्ति जमिन, आनन्द गर्नको निम्ति हामीलाई पारिवारिक नाताहरु र असंख्य अरु सुविधाहरु प्रदान गर्नुहुन्छ । कसैले यी सबै परमेश्वरको दयाहरुको नाम उल्लेख गर्न सके भने पनि घाटैमा हुन्छन् । कुनै शंका बिना उहाँको अनुग्रह मध्ये सबैभन्दा उच्च उहाँले हामीलाई खीष्टद्वारा दिनुभएको मुक्ति हो । किनभने यसमा परमेश्वरले चुकाउनु भएको अति नै ठूलो मूल्य र ती पापीहरु जसले यसलाई ग्रहण गर्दछन् तिनीहरुको निम्ति यसले तिरेको अति नै उच्च लाभांश संलग्न छन् ।

धेरैले परमेश्वरको अनुग्रही हातहरुलाई उहाँले उनीहरुलाई दिनुभएको भौतिक आशिषहरुमा देख्ने गरेका छन्, तर उनीहरुले उहाँको मुक्ति भने पाएका हुँदैनन् । के यो तपाईमा पनि हुन्छ ? खीष्टमा भएको विश्वासद्वारा (रोमी १०:१०) पापको पश्चाताप (प्रेरित ११:१८), परमेश्वरको पुत्रको रुपमा खीष्टलाई स्वीकार गरेर (रोमी १०:१०) र खीष्टमा बप्तिष्मा लिएर (गलाती ३:२७), तपाई खीष्टको शरीर अनुग्रहको स्थानमा प्रवेश गर्न सक्नुहुन्छ (१ कोरिन्थी १२:१३), र उहाँको अनन्त जीवन पाउन सक्नुहुन्छ । पावलले भनेका छन् "के तिमीहरु जान्दैनौ हामी सबै, जतिले खीष्ट येशूमा बप्तिष्मा लियौं, उहाँकै मृत्युमा बप्तिष्मा लिएका थियौं ?" (रोमी ६:३), "उहाँको अपार अनुग्रहअनुसार खीष्टको रगतद्वारा हामी उहाँमा उध्दार, हाम्रो पापको क्षमा, पाउँछौं, जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो" (एफिसी १:७, ८) ।

येशूले, उहाँको क्रूसद्वारा तपाईलाई पापक्षमा र जीवनमा जसले उहाँको शरीर, मण्डली निर्माण गर्दछ बोलाउनु हुन्छ । के तपाईले उहाँको निमन्त्रणालाई स्वीकार गर्नु हुन्छ ?

**अध्ययन प्रश्नहरु**

१. बाइबलको कथाको मुटु के हो ?
२. खीष्टियानिटीको केन्द्रमा यस्तो के छ जुन अरु धर्महरुमा छैन ?
३. मण्डली बिहिन खीष्टियानिटी किन हुन सक्दैन, व्याख्या गर्नुहोस् ।
४. मण्डलीको निम्ति क्रूसले गर्ने तीन कुराहरु के हुन् ?
५. धेरैले परमेश्वरको भौतिक आशिषमा भएको हातलाई देखेका छन् तर उहाँको मुक्तिको वरदानलाई प्राप्त गरेका छैनन् । तपाईं कसरी खीष्टको शरीरमा प्रवेश गर्न सक्नु हुन्छ ?
६. येशूले, उहाँको क्रूसद्वारा तपाईलाई कुन दुई आशिषहरु पाउन निमन्त्रणा गर्नु हुन्छ ?
७. खीष्टको शरीर त्यस समय निर्माण हुन्छ जब कोही पापक्षमा र जीवन प्राप्त गर्न उहाँ कहाँ आउँदछन् । यो शरीरलाई के भनिएको छ ?

## शब्द सहायताहरु

**मण्डलीको शिर -** येशू ख्रीष्ट (एफिसी १:२२, २३)

**किनिएको -** खरिद गरिएको । जब हामी ख्रीष्टियानहरु "ख्रीष्टको रगतले किनिएका" भनी भन्दछौं भने यसले येशू ख्रीष्टको हाम्रो पापको निम्ति क्रूसमा भएको मृत्युलाई प्रमाणित गर्दछ ।

**मिलाप -** फेरि एक बनाइएका, टुटेको सम्बन्ध जोडिएका । हामीहरु येशू ख्रीष्टद्वारा परमेश्वरसँग मिलाप गराइएका छौं ।

**पवित्रकरण -** परमेश्वरको विशेष उद्देश्यको निम्ति "अलग" गरिएका ।

**परिवर्तित -** परिवर्तन भएको । ख्रीष्टियानहरु ख्रीष्टको रुपको नयाँ चरित्र लिनको निम्ति परिवर्तन हुनु पर्दछ । रोमी १२:२ ले भन्दछ, "यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तन होओ र परमेश्वरको असल, ग्रहणयोग्य र सिध्द इच्छा के हो त्यो तिमीले जाँच्न सक ।"